# नेपाल राजपत्र

श्री ५ को सरकारद्धारा प्रकाशित

खण्ड ३५) काठमाडौं, फागुन ६ गते २०४२ साल (संख्या ४४

## भाग ३

### श्री ५ को सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल शिक्षा सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ५ को उपनियम (७) को प्रयोजनको निम्ति तोकिएको शैक्षिक योग्यताभन्दा माथिल्लो सम्बन्धित उपाधि गणना गर्नुपर्दा देहाय-बमोजिमको समूहको लागि देहायबमोजिमको योग्यता तोकेकोले यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | समूह वा उपसमूह | माथिल्लो शैक्षिक योग्यता | कैंफियत |
|---|---|---|---|
| १. | टिचिङ-उच्च शिक्षा | सम्बन्धित विषयमा विद्यावारिधि। | |
| | टिचिङ-माध्यमिक स्तर | स्नातकोत्तर वा सो सरह। | |
| २. | जनरल एजुकेशन | | |
| | (क) एजुकेशनल एड्मिनिष्ट्रेशन | स्नातकोत्तर वा सो सरह। | |
| | (ख) साइन्स | विज्ञानमा स्नातकोत्तर भई पाठ्यक्रम वा पाठ्यपुस्तक विषयमा माथिल्लो स्तरको तालिम वा डिप्लोमा वा प्रमुख विषय विज्ञान लिई शिक्षा शास्त्रमा स्नातकोत्तर वा सो सरह। | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) म्याथमेटिक्स — गणित विषय लिई स्नातकोत्तर भई पाठ्यक्रम वा पाठ्यपुस्तक विषयमा माथिल्लो स्तरको तालिम वा डिप्लोमा वा प्रमुख विषय गणित लिई शिक्षा शास्त्रमा स्नातकोत्तर वा सो सरह ।

(घ) सोसियल स्टडिज — भूगोल, इतिहास, राजनीति शास्त्र, अर्थ शास्त्रमध्ये कुनै एक मुख्य विषय लिई स्नातकोत्तर भई पाठ्यक्रम वा पाठ्यपुस्तक विषयमा माथिल्लो स्तरको तालिम वा डिप्लोमा वा प्रमुख विषय सामाजिक शिक्षा लिई शिक्षा शास्त्रमा स्नातकोत्तर वा सो सरह ।

(ङ) एग्रिकल्चर — कृषि स्नातकोत्तार वा प्रमुख विषय कृषि लिई शिक्षा शास्त्रमा स्नातकोत्तर वा सो सरह ।

(च) इण्डष्ट्रियल एजुकेशन — औद्योगिक शिक्षामा स्नातकोत्तर वा स्नातकोत्तर भई औद्योगिक शिक्षा विणयमा माथिल्लो स्तरको तालिम वा डिप्लोमा वा सो सरह ।

(छ) इङ्गलिस — मुख्य विषय अंग्रेजी लिई स्नातकोत्तार भई पाठ्यक्रम वा पाठ्यपुस्तक विषयमा माथिल्लो स्तरको तालिम वा डिप्लोमा वा प्रमुख विषय अंग्रेजी भाषा लिई शिक्षा शास्त्रमा स्नातकोत्तर वा सो सरह ।

(ज) नेपाली — मुख्य विषय नेपाली लिई स्नातकोत्तर भई पाठ्यक्रम वा पाठ्यपुस्तक विषयको माथिल्लो स्तरको तालिम वा डिप्लोमा वा प्रमुख विषय नेपाली लिई शिक्षा शास्त्रमा स्नातकोत्तार वा सो सरह ।

(झ) होमसाइन्स — गृह विज्ञानमा स्नातकोत्तर वा गृह विज्ञान मुख्य विषय लिई स्नातकोत्तर भई पाठ्यक्रम वा पाठ्यपुस्तक विषयमा माथिल्लो स्तरको तालिम वा डिप्लोमा वा प्रमुख विषय गृह विज्ञान लिई शिक्षा शास्त्रमा स्नातकोत्तर वा सो सरह ।

(ञ) सेक्रेटरियल साइन्स — सचिवालय विज्ञानमा स्नातकोत्तर वा वाणिज्यमा स्नातकोत्तार भई पाठ्यक्रम वा पाठ्यपुस्तक विषयमा माथिल्लो स्तरको तालिम वा डिप्लोमा वा सो सरह।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

४६८

| | |
|---|---|
| (ट) एडल्ट एजुकेशन | स्नातकोत्तर भई प्रौढ शिक्षा पाठ्यक्रम वा पाठ्य-पुस्तक विषयमा माथिल्लो स्तरको तालिम वा डिप्लोमा वा सो सरह । |
| (ठ) संस्कृत | संस्कृतमा स्नातकोत्तर वा संस्कृत मुख्य विषय लिई स्नातकोत्तर वा सो सरह । |
| ३. प्लानिङ रिसर्च एण्ड म्यान पावर | तथ्याङ्क वा जनशक्ति विषय लिई अर्थ शास्त्रमा विद्यावारिधि वा स्नातकोत्तर भई तथ्याङ्क वा जन-शक्ति विषयमा माथिल्लो स्तरको तालिम वा डिप्लोमा वा सो सरह । |
| ४. प्रिण्टिङ(मुद्रण) | प्रेस इन्जिनियरिङमा स्नातकोत्तर वा सो सरह । |
| ५. फिजिकल एजुकेशन | स्नातकोत्तर भई शारीरिक शिक्षामा माथिल्लो स्तरको डिग्री वा डिप्लोमा वा स्वास्थ्य र शारीरिक शिक्षा मुख्य विषय लिई शिक्षा शास्त्रमा स्नातकोत्तर वा सो सरह । |
| ६. पेण्टिङ एण्ड फोटोग्राफी | स्नातकोत्तर भई पेण्टिङ वा फोटोग्राफी वा रिप्रोग्राफीमा माथिल्लो स्तरको तालिम वा डिप्लोमा वा पेण्टिङ वा फोटोग्राफीमा स्नातकोत्तर सरहको डिग्री वा डिप्लोमा प्राप्त वा सो सरह । |
| ७. आर्कियोलजी | पुरातत्वमा विद्यावारिधि डिग्री वा इतिहास वा संस्कृतिमा विद्यावारिधि वा स्नातकोत्तर भई पुरातत्व वा नृतत्व वा अभिलेख विज्ञान वा संग्रहालय विज्ञानमा डिग्री वा डिप्लोमा वा माथिल्लो स्तरको तालिम वा सो सरह । |
| ८. टेष्ट एण्ड मेजर-मेण्ट एण्ड गाइडेन्स एण्ड काउन्सेलिङ | शिक्षा शास्त्रमा विद्यावारिधि वा स्नातकोत्तर भई टेष्ट एण्ड मेजरमेण्ट एण्ड गाइडेन्स एण्ड काउन्सेलिङमा माथिल्लो स्तरको तालिम वा डिप्लोमा वा सो सरह । |
| ९. लाइब्रेरी साइन्स | लाइब्रेरी साइन्समा स्नातकोत्तर वा स्नातकोत्तर भई लाइब्रेरी साइन्समा डिप्लोमा वा माथिल्लो स्तरको तालिम वा सो सरह । |

आज्ञाले
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६५